<u>आकाशवाणी</u>

*प्रमुख समाचार-*

- **नीट पेपर लीक प्रकरण र विद्यार्थीको विरोध लगायत विभिन्न मुद्दाहरूमा विपक्षी दलहरूको विरोध पछि संसदका दुवै सदन एक दिनको लागि स्थगित गरिएको छ।**
- **आज लोकसभामा, संसदीय मामिला मन्त्री किरण रिजिजुले भ सरकार** NEET **पेपर चुहावट मुद्दामा छलफलको लागि पूर्ण रूपमा तयार छ। भनेका छन् ।**
- **रक्षामन्त्री राजनाथ सिंहले दिल्लीमा भइरहेको विरोध प्रदर्शनप्रति चिन्ता व्यक्त गर्दै केन्द्र सरकार युवाहरूको भावना र चिंताहरु प्रति संवेदनशील रहेको र विद्यार्थीहरूले उठाएका हरेक मुद्दालाई सम्बोधन गर्न तयार रहेको बताउनु भएको छ।**
- **सिक्किममा, नाम्ची जिल्लाको समरदुङमा सुरुङ भित्र उद्धारकर्ताहरूले थप आठ शवहरू फेला पारेका छन्। सिक्किम सरकार र राष्ट्रिय जलविद्युत ऊर्जा निगमका वरिष्ठ अधिकारीहरूले घटनास्थलमा स्थितिको निगरानी गरिरहेका छन्।**

***<u>किरेण रिजिजु</u>***

यस अघि लोकसभामा, संसगीय मामिला मन्त्री किरेण रिजिजुले भने कि सरकार निट पेपर चुहावट मुद्दामा छलफलको लागि पूर्ण रूपमा तयार छ । मन्त्रीले भने, सदनमा हुने कुनै पनि छलफल श्री रिजिजुले जोड़ दिए कि सरकार देशका युवाहरूको भविष्यलाई ध्यानमा राख्दै सबै पक्षहरूलाई समावेश गरी अर्थपूर्ण र रचनात्मक छलफल चाहन्छ ।

---

***<u>सिक्किम- सुरङ शवहरू</u>***

सिक्किममा, नाम्ची जिल्लाको समरदुङमा सुरङ भित्र उद्धारकर्ताहरूले थप आठ शवहरू फेला पारेका छन् । यद्यपि, खराब मौसमका कारण उद्धार टोलीहरूलाई शवहरू निकाल्न गाह्रो भइरहेको छ । अधिकारीहरूका अनुसार, कम दृश्यता र मिथेन ग्यासको चुहावटले अभियानलाई चुनौतीपूर्ण बनाएको छ । राष्ट्रीय आपदा मोचन बल, राज्य आपदा मोचन बल, सिक्किम पुलिस र खनन विशेषज्ञहरूको उद्धार टोलीले आज सुरूङबाट पानी बाहिर निकालेको छ । अहिलेसम्म 13 शवहरू फेला पारिएका छन् । प्रारम्भिक रिपोर्ट अनुसार, 25 जना सुरूङ भित्र फसेका छन् । सिक्किम सरकार र राष्ट्रिय जलविद्युत ऊर्जा निगमका वरिष्ठ अधिकारीहरूले घटनास्थलमा स्थितिको निगरानी गरिरहेका छन् ।

---

***<u>लोकसभा - रेलवे सुरक्षा</u>***

रेलमन्त्री अश्विनी वैष्णवले आज आधुनिक प्रविधि, पूर्वाधार र बढ्दो मर्मतसम्भार मार्फत रेल सुरक्षालाई बलियो बनाइएको बताउनुभयो। आज लोकसभामा एक लिखित जवाफमा, श्री वैष्णवले, सुरक्षा सम्बन्धी गतिविधिहरूमा 2013-14 मा खर्च लगभग 39 हजार करोड रुपैयाँबाट बढेर 2026-27 मा एक लाख 20 हजार करोड रुपैयाँभन्दा बढी भएको छ, भन्नुभयो। श्री वैष्णवले भन्नुभयो, लोको पाइलटहरूको सतर्कतामा सुधार गर्न सबै रेल इंजनहरुमा सतर्कता नियंत्रण उपकरणहरु लगाईएका छन्।

स्वदेशी सुरक्षा तकनीक कवचको चौथो चरणलाइ लगभग दो हजार पांच सय किलोमीटर मार्गमा सफलतापूर्वक स्थापित गरिएको छ, उहाँले भन्नुभयो। यसमा दिल्ली-मुंबई र दिल्ली-हावड़ा मार्ग शामेल छन्।

श्री वैष्णवले भन्नुभयो, सरकारी उपायहरूका परिणामस्वरूप रेल दुर्घटनाहरूको संख्या2014-15 मा 135 बाट घटेर 2026-27 मा यस वर्षको जुनसम्ममा केवल दुई दुर्घटनामा झरेको छ।

---

***<u>लोकसभा - राज्यसभा - स्थगित</u>***

नीट पेपर लीक प्रकरण र विद्यार्थीको विरोध लगायत विभिन्न मुद्दाहरूमा विपक्षी दलहरूको विरोध पछि संसदका दुवै सदन एक दिनको लागि स्थगित गरिएको छ।

---

***<u>जयशंकर - क्यानडाका विदेशमन्त्री</u>***

विदेशमन्त्री डा. एस जयशंकरले आज दिउँसो फिलिपिन्सको मनिलामा क्वाड विदेशमन्त्रीहरूको बैठकको छेकपारि Canada की विदेश मंत्री अनिता आनन्दसँग भेट गर्नुभयो ।

सोशल मीडिया पोस्टमा डा. जयशंकरले भारत-क्यानडा सहयोग निरन्तर बढिरहेको बताउनुभयो । उहाँले दुवै देशका प्रधानमन्त्रीहरूले तोकेको सम्बन्धको लक्ष्य हासिल गर्ने कुरामा कुराकानी केन्द्रित भएको भन्नुभयो।

***वैष्णो देवी यात्रा स्थगित***

जम्मू कश्मीरमा, कटरा र त्रिकुटा पहाडहरूमा प्रतिकूल मौसमले गर्दा श्री माता वैष्णोदेवी यात्रा आज लगातार चौथो दिन पनि स्थगित छ। यात्रा गर्ने पवित्र तीर्थस्थलमा तीर्थयात्रीहरूको सुरक्षा सुनिश्चित गर्न प्रतिकूल मौसमको बीचमा सावधानी स्वरुप, तीर्थयात्रा अस्थायी रूपमा स्थगित गरिएको छ। अधिकारीहरूले मौसमको अवस्था सुधार नभएसम्म र तीर्थयात्रा पुनः शुरु नहुन्जेल भक्तजनहरूलाई धैर्य राख्न र आधिकारिक सल्लाहहरू पालना गर्न आग्रह गरेका छन्।

***मौसम***

भारतीय मौसम विज्ञान विभाग, IMD ले भोलिसम्म गुजरातबा, महाराष्ट्रन बेही भय, कोंकण र गोवाका केही भागमा भारीदेखि धेरै भारी वर्षा हुनसक्ने चेतावनी जारी गरेको छ। IMD का अनुसार, जम्मू र कश्मीर, लद्दाख, हिमाचल प्रदेश, पञ्जाब, पूर्वी राजस्थान, मध्य प्रदेश, छत्तीसगढ, ओडिशा र विदर्भमा आगामी दुई देखि तीन दिनसम्म भारीदेखि धेरै भारी वर्षा हुनेछ। मौसम विभागले शुक्रबारसम्म उत्तराखण्ड, चण्डीगढ, हरियाणा, पश्चिम राजस्थान, दिल्ली, उत्तर प्रदेश, बिहार, पश्चिम बंगालका गांगेय क्षेत्र, असम, मेघालय, नगाल्याण्ड, मणिपुर, मिजोरम, हुने त्रिपुरा, तेलङ्गाना र मराठवाडामा भारी वर्षाको पनि पूर्वानुमान गरेको छ। मौसम विभागले झारखण्ड, आन्ध्र - प्रदेश, तेलङ्गाना, कर्नाटक, तमिलनाडु, पुडुचेरी, कराईक्काल, अण्डमान र निकोबार द्वीप समूहमा अर्को दुई देखि तीन दिनसम्म बिजुली र हावाहुरीसहित मेघगर्जन हुने संभावना व्यक्त गरेको छ।

***राष्ट्रपति - उत्तरी म्यासेडोनिया - महात्मा गान्धी***

राष्ट्रपति द्रौपदी मुर्मुले आज उत्तरी म्यासेडोनियाको राजकीय भ्रमणको क्रममा स्कोप्जे शहरको संग्रहालयमा महात्मा गान्धीको प्रतिमाको अनावरण गर्नुभयो । भेलालाई सम्बोधन गर्दै राष्ट्रपतिले भन्नुभयो, महात्मा गान्धी भारतका थिए, तर उनको सत्य र अहिंसाको सन्देश सम्पूर्ण मानवताको हो।

राष्ट्रपतिले द्वन्द्व, असहिष्णुता र विभाजनको सामना गरिरहेको संसारमा संवाद, करुणा र शान्तिपूर्ण सहअस्तित्वका गान्धीजीका आदर्शहरू अत्यन्तै सान्दर्भिक रहेको उल्लेख गर्नुभयो।

***चाइना ओपन ब्याडमिन्टन***

भारतकी पीभी सिन्धुले चांगझोउमा हुने चाइना ओपन ब्याडमिन्टनको महिला एकल राउन्ड अफ 32 मा आफ्नै देशकी उन्नती हुड्डाको सामना गर्नेछिन् । पुरुष एकलमा, लक्ष्य सेनले आज राउन्ड अफ 32 मा जापानका युशी तनाकाको सामना गर्नेछन् ।
आज भएको पुरुष एकल खेलमा भने, आयुष शेट्टीले इन्डोनेसियाका अल्वी फरहानलाई 21-17, 5-21, 21-17 ले पराजित गर्दै प्रिक्वाटरफाइनलमा आफ्नो स्थान सुरक्षित गरे।

***राजनाथ - विरोध***

रक्षामन्त्री राजनाथ सिंहले दिल्लीमा भइरहेको विरोध प्रदर्शनप्रति चिन्ता व्यक्त गर्दै केन्द्र युवाहरूको भावना र चिंताहरु प्रति संवेदनशील रहेको र विद्यार्थीहरूले उठाएका हरेक मुद्दालाइ सुन्न र सम्बोधन गर्न तयार रहेको बताउनु भएको छ। उहाँले केही व्यक्तिहरूले आफ्नो राजनीतिक स्वार्थ पूरा गर्न विद्यार्थी र युवाहरूलाई राजनीतिक हथियारको रूपमा प्रयोग गर्ने प्रयास गरिरहेको आरोप लगाउनुभयो। नयाँ दिल्लीमा मिडियासँग कुरा गर्दै श्री सिंहले भने कि प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा सरकार विद्यार्थीहरूको आकांक्षा पूरा गर्न र युवा कल्याण सुनिश्चित गर्न पूर्ण रूपमा प्रतिबद्ध छ, भन्नुभयो।

***प्रमुख समाचार फेरी एकपल्ट***

- **नीट पेपर लीक प्रकरण र विद्यार्थीको विरोध लगायत विभिन्न मुद्दाहरूमा विपक्षी दलहरूको विरोध पछि संसदका दुवै सदन एक दिनको लागि स्थगित गरिएको छ।**
- **आज लोकसभामा, संसदीय मामिला मन्त्री किरण रिजिजुले भ सरकार NEET पेपर चुहावट मुद्दामा छलफलको लागि पूर्ण रूपमा तयार छ। भनेका छन् ।**

- रक्षामन्त्री राजनाथ सिंहले दिल्लीमा भइरहेको विरोध प्रदर्शनप्रति चिन्ता व्यक्त गर्दै केन्द्र सरकार युवाहरूको भावना र चिंताहरु प्रति संवेदनशील रहेको र विद्यार्थीहरूले उठाएका हरेक मुद्दालाई सम्बोधन गर्न तयार रहेको बताउनु भएको छ।
- सिक्किममा, नाम्ची जिल्लाको समरदुङमा सुरुङ भित्र उद्धारकर्ताहरूले थप आठ शवहरू फेला पारेका छन्। सिक्किम सरकार र राष्ट्रिय जलविद्युत ऊर्जा निगमका वरिष्ठ अधिकारीहरूले घटनास्थलमा स्थितिको निगरानी गरिरहेका छन्।

---